कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष २ अंक ९३ ने. सं. ११३३ बछलाथ्वा पञ्चमी बुधवाः २०७० जेठ १ गते बुधवार (May- 15, 2013) मुल्य : ५/- (न्यातका)

## संविधानसभावाट सबै भन्दा ठूलो दल हुनका लागि

# नेपाली कांग्रेसको ग्रायण्ड डिजाइन

***कीर्तिपुर सन्देश***

संविधानसभाको नयाँ चुनाव गर्ने मुखले जतिसुकै जपेतापनि प्रमुख राजनीतिक शक्तिहरूवीच आ–आफ्नो योजना अनुसार अघि बढ्दै गएको कारण चुनाव हुने संकेत अहिलेसम्म पनि पाउन सकेको छैन ।

विशेष गरि नेपाली कांग्रेसले पछिल्लो समयमा नयाँ ढंगको डिजाइन तयार गरि आफू अबको चुनावमा सबैभन्दा ठूलो पार्टी बन्ने सोच बनाएको अवस्था छ। चुनावमा भाग लिन नयाँ राजनीतिक दल निर्वाचन आयोगमा दर्ता गर्नका लागि १० हजार मतदाताको हस्ताक्षर, नागरिकताको फोटोकपि र मतदान परिचयपत्रको समेत फोटोकपि बुझाउनुपर्ने प्रावधान बनानएको छ निर्वाचन आयोगले । तर प्रमुख राजनीतिक शक्ति एकीकृत माआवादी, नेपाली कांग्रेस, एमाले र मधेसी मोर्चा सहितको उच्चस्तरीय राजनीतिक संयन्त्रले अबको चुनावमा मोहन बैद्य किरणले नेतृत्व गरेको नेकपा–माओवादी र अशोक राईले नेतृत्व गरेको संघीय समाजवादी पार्टी नेपाललाई त्यो प्रावधानमा नराखिकन दर्ता गर्न दिने कुरामा सहमति भएको कुरा सार्वजनिक भइसकेको अवस्था छ।

विघटन भएको संविधानसभामा प्रतिनिधित्व गरेका नेताहरूले गठन गरेको नयाँ राजनीतिक दलहरूलाई सो प्रावधान अनुसार दर्ता नगरिकन विगतमा संविधानसभामा प्रतिनिधित्व गरको राजनीतिक दलहरूलाई जस्तै सामन्य ढंगवाट दर्ता गर्न पाउने योजना बनाएको छ। विशेष गरि नेपाली कांग्रेसको डिजाइन अनुसार नै सो प्रस्ताव पारित गरेको

### चुनावको सवालमा

***सन्दर्भ–समाचार टिप्पणी***

हुनसक्ने राजनीतिक विश्लेषकहरूले टिप्पणी गर्न थालेका छन्। बैद्य माओवादी एकीकृत माओवादीवाट विभाजित भएको पार्टी र संघीय समाजवादी पार्टी एमालेवाट विभाजित भएको पार्टी भएकोले ती दुई वटै पार्टी चुनावमा सहभागी भए एमाओवादी र एमाले कमजोर हुने र कांग्रेस चुनावको माध्यमवाट सबैभन्दा ठूलो पार्टी बन्ने विश्लेषण सहित कांग्रेसका नेताहरूले नै सो डिजानाइन गरेको हुनसक्ने अनुमान गरिएको छ। तर बैद्य माओवादीले चार राजनीतिक दलवीच भएको सहमति, अन्तरिम संविधान संशोधन र वर्तमान सरकालाई खारेज गरि गोलमेच सम्मेलनको माध्यवाट दलहरूकै नेतृत्वमा चुनावी सरकार गठन गर्नुपर्ने माग राख्दै आएको विषयमा भने कांग्रेसले सहमति गर्न सक्ने अवस्था छैन। त्यसैगरि संघीय समाजवादी पार्टीले संविधान संशोधनको खारेजीका साथ साथै संविधानसभामा समानुपातिक प्रतिनिधित्व १० प्रतिशत घटाएको खारेज गर्नुपर्ने र संविधानसभामा राष्ट्रिय व्यक्तित्वहरूलाई मनोनित गर्ने भनी राखिएको प्रावधानलाई हटाई विगतमा जस्तै संविधानसभामा प्रतिनिधित्व गर्न नसेकका बहिस्कृत समुदायलाई मनोनित गर्ने प्रवधान राख्नु पर्ने जुन ढंगवाट माग गरेको सो माग सम्वोधन गर्न भने कांग्रेस लगायत चार राजनीतिक शक्ति सहमति नभएसम्म चुनावमा बैद्य माओवादी र संघीय समाजवादी पार्टी नजाने अवस्था छ । कांग्रेले ती दुई दललाई चुनावमा लानका लागि जस्तो सुकै लचकता भनिए तापनि माग सम्वोधन गर्न भने कांग्रेस सहमति हुनसक्ने अवस्था नै छैन। अतः कांग्रेसले नयाँ ढंगको चुनाव जित्ने रणनीति बनाए तापनि अन्ततः त्यति सजिलै चुनाव हुन सक्ने अवस्था छैन ।

चुनाव नै हुने अवस्था आए फेरी संघीयता पक्षधर राजनीतिक दलहरूको मोर्चाबन्दी भयो भने कांग्रेसलाई ठूलो चुनौति सामना गर्नुपर्ने र विगतको संविधानसभाको चुनावमा भन्दा पनि परिणाम नराम्रो हुनसक्ने अवस्थाका कारणले पनि चुनाव त्यति सजिलै हुने अवस्था छैन भन्दा केहि फरक नर्पला ।

यहाँ जाँड-रक्सी, चुरोट, गाँजा तथा ड्रग्सको कुलत छुटाउने विशुद्ध जडिबुटी पाईन्छ । सम्पर्कः– फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग, फोन ४३३६७०१,९८०३५०२२५९

**अहिलेसम्म नसुनेको**
**कहिले नि नदेखेको**

**अब दर्शन मोबिकेयरमा**

*नयाँ वर्ष २०७० को उपलक्ष्यमा धमाका सहित*

पाँचवटा बिग्रिएको मोबाईल
त्यो पनि जस्तोसुकै हामीलाई दिनुहोस्

**बद्लामा**

**कुनै पैसा नतिरिकन रु.४००० देखि रु.१०००० पर्ने नयाँ मोबाईल गोलाप्रथाद्वारा तपाई लिएर जानुहोस्**

**(सबैलाई पर्ने)**

नपत्याए एक कल फोन गर्नुहो् न त यो मोबाईल नं.मा
९८५११३९४०८, ९८४९२२६४३१, ९८०८३९५१५९ जेनिश

Preparation & Language Classes
IELTS, TOEFL, SAT & ENGLISH
KOREAN, JAPANESE, HEBREW

**Special Classes:**
**Public Speaking Course Development, Grammar Focus**
**Academic Writing, Mock Test, Listening Practice [Audio & Visual]**

**LANGUAGE & IELTS CLASS**

- **Level Test:** Students are given a Level Test before the class begins and are encouraged to take Tests at the end of each week of study. In fact, tests are an integral part of the course.
- **Materials:** All students are given a copy of the Natural Course Book and Self Study Book and CDs Listening practice
- **Outline:** The courses provide guidance and practice in all aspects of English learning [Speaking, listening, reading, writing plus grammar and vocabulary]
  - ☞ Class time is mostly devoted to Speaking and communication practice and Reading, Writing, Listening tasks are set as homework
  - ☞ The course focuses on the creative techniques required to succeed at IELTS & TOEFL, SAT
- **Self Study:** Students are given a self study booklet, course books, magazine, stories and related to IELTS at the beginning of their course and this lists the tests which are available
  After course Complete, there is Bonus classes or Revision classes with Exam Tips

**VALLEY INSTITUTE**

Time: Morning, Day & Evening
**Ph: 01-4332509/9849421216**

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक/प्रबन्ध सम्पादक
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७, ९८४१४०१०७७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

# जनजाति महासंघको नयाँ नेतृत्व र चुनौति

**नेपालका आदिवासी जनजातिहरुको साझा संगठन नेपाल आदिवासी जनजाति महासंघको आठौं राष्ट्रिय सम्मेलनले नागेन्द्र कुमाल अध्यक्ष रहेको नयाँ नेतृत्व चयनका साथ साथै ठूला चुनौतिहरु समना गर्नुपर्ने अवस्था रहेको छ।**

**विशेष गरि चार राजनीतिक शक्तिले जुन ढंगवाट संविधानसभाको अर्को चुनावमा विगतको तुलनामा १० प्रतिशत समानुपातिकमा प्रतिनिधित्व घटाउने र विगतमा संविधानसभामा प्रतिनिधित्व गर्न नसकेका बहिस्कृत समुदायको तर्फवाट मनोनित गरिएकोमा अब राष्ट्रिय ब्यक्तित्ववाट मनोनित गर्ने भनी सहमति गरेको विषय नै जनजाति महासंघले प्रमुख रुपमा विरोध गर्दै आएको अवस्थामा अब नयाँ नेतृत्वलाई सो कुरा सम्वोधन गराउनका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने चुनौति आएको छ।**

**पहिचानको आधारमा संघीयताको विरोध गर्नेहरुको डिजाइन अनुसार संविधानसभा भंग भएको र अब पनि सोहि डिजाइन अनुसार नै संविधानसभाको दोस्रो चुनाव गर्ने तयारी गरेको कुरा स्पष्ट भइसकेको अवस्था छ। समानुपातिक प्रतिनिधित्वमा घटाउन जुन ढंगबाट चार राजनीतिक शक्तिले सहमति गरेको नै त्यसको उदाहरण भएको स्वयं जनजाति नेताहरुले सार्वजनिक रुपमा बोल्दै आएको कुरा हो।**

**अतः अव जनजाति महासंघको नयाँ नेतृत्वले प्रमुख चार राजनीतिक शक्तिबीच भएको सो सहमतिलाई नै उल्टाउनुपर्ने अवस्था छ। त्यसैले जनजातिको माग अनुसार पहिचान सहितको संघीयताको आधारमा राज्य पुनर्संरचना संविधानसभावाट गर्ने कार्य अत्यन्तै चुनौतिपूर्ण रहेको अवस्था छ।**

# गजल शौरभ शाक्यया

**शौरभ शाक्य**

गजल(१४

छ वबलय् हानं छकः लय् वल जिके
छं सतूबलय् स्वरे ! मतिनाया फय् वल जिके।

यक्वः दिँ लिपा छ खंबलय् थथे ताल
मतिनाया स्वां अथें ह्वय वल जिके।

वा छ व जि हानं छकः कुलिचिने यःकथं
छ न्हयःने दयेवं मतिना गय् वल जिके।

जितःता छ गुबलें आः व[redacted]
ख्यूँ नुगः छ खनाः निभाःथें[redacted]

लुमन जितः वहे गजल छ[redacted]
हानं छकः हाले व गजल[redacted]

# नेपालमा सङ्घीय राज्य प्रणालीको सम्भावित स्वरूप र संरचना

**–श्याम श्रेष्ठ**

*(सङ्घीय राज्यको नयाँ संरचना पुस्तकबाट साभार)*

**नेपाल सङ्घीयतामा जानुपर्नाको कारण : गतांकको बाकि**

**गाविसको बेग्लै स्थिति**

तर गाउँ विकास समिति तहमा हेर्ने हो भने जातीय सघनताको स्थिति बिल्कुलै बेग्लै देखिन्छ। नेपालका कुल गाविस मध्ये एकतिहाइमा (अर्थात् ३२ प्रतिशतमा) कुनै न कुनै जात/जातिको एकलौटी निरपेक्ष बहुमत छ। नेपालभरिका कुल ४०५१ नगरपालिका र गाविस मध्ये पाँचवटा जात/जातिको १०० वटा भन्दा बढीमा निरपेक्ष बहुमत रहेको देखिन्छ । ती जात/जातिहरू क्रमशः क्षेत्री, मगर, तामाङ, थारु र बाहुन हुन् (शर्मा, २००६) क्षेत्रीको ३८७ वटा गाविसमा एकलौटी निरपेक्ष बहुमत देखिन्छ। मगर को निरपेक्ष बहुमत १७५ वटामा रहेको छ। तामाङको एकलौटी निरपेक्ष बहुमत भएका गाविस १५९ वटा छन् । थारु १०६ वटा गाविसमा निरपेक्ष बहुमतको स्थितिमा रहेका छन् । बाहुनको निरपेक्ष बहुमत भएको गाविस पनि १०२ वटा छन्।

नेपालका दुईवटा जनजाति - गुरुङ र राईको एकलौटी निरपेक्ष बहुमत ७५ देखि ९९ वटा गाविसमा रहेको छ। गुरुङको ७७ र राईको ७६ वटा गाविसमा एकलौटी निरपेक्ष बहुमत छ। २५ देखि ४९ वटामा निरपेक्ष बहुमत हुने जात/जाति/धार्मिक अल्पसङ्ख्यक लिम्बु, मुसलमान, नेवार र यादव हुन्।

गाविस तहमा गएपछि दलितहरूको निरपेक्ष बहुमत भएको खण्ड पनि भेटिन्छ, जब कि जिल्ला तहमा उनीहरू कहीं निरपेक्ष बहुमतमा छैनन् । नेपालका कुल १२ वटा गाविसमा दलितहरूको एकलौटी निरपेक्ष बहुमत छ । त्यस्तै, अति अल्पसङ्ख्यक अन्तर्गत पर्ने चेपाङको पनि ४ वटामा, थामीको ३ वटामा, छन्त्याल र सुनवारको २-२ वटामा एकलौटी निरपेक्ष बहुमत रहेको छ।

जिल्लागत हिसाबले बाहुन र क्षेत्रीको सघन उपस्थिति रहेको जिल्लाको सङ्ख्या बढी देखिए पनि गाविसको दृष्टिकोणले हेर्दा जनजातिको सघन उपस्थिति रहेको गाविसको सङ्ख्या ज्यादा छ। प्रायः सबै हिमाली क्षेत्र, सुदूर पश्चिमबाहेक सबै पहाडी क्षेत्र र सुदूर पश्चिम र पश्चिम तराइका गाविसमा आदिवासी जनजाति समुदायको एकलौटी निरपेक्ष बहुमत रहेको स्थिति छ (शर्मा, २००६)

अझ गाविसहरुमा जातिगत बाहुल्यताको चित्र योभन्दा पनि फरक छ। ३०० भन्दा ज्यादा गाविसमा एउटैको बाहुल्यता रहेको जात/जातिको सङ्ख्या ६ वटा छन्। ती क्षेत्री, बाहुन, मगर, थारु, यादव र तामाङ हुन्। १०० देखि २९९ वटासम्म गाविसमा बाहुल्यता भएका जात/जाति ४ वटा छन् । मुसलमान, राई, गुरुङ र लिम्बू त्यस्ता जात/जाति/धार्मिक समुदाय हुन्। नेवारको बाहुल्यता ८४ वटा गाविसमा देखिन्छ।

दलितहरूको सघन उपस्थिति पनि गाविस तहमै गएपछि ज्यादा देखिन्छ । पश्चिम तथा सुदूर पश्चिम पहाड र पूर्वी तराइमा गरी जम्मा २११ वटा गाविसमा दलितहरूको उपस्थिति ३० प्रतिशतभन्दा बढी रहेको छ। (शर्मा, (२००६) । यो भनेको दलितहरूको निकै सघन र वलवान उपस्थितिको अभिव्यक्ति हो । यी सबै आंकडाहरूले के देखाउँछन् भने गाविस तहमा जाँदा आदिवासी जनजाति र दलितहरूको पनि थुप्रै ठाउँमा, दुवैको मिलाएर अरू सबै जात/जातिभन्दा ज्यादा गाविसमा, स्वायत्त स्वशासित क्षेत्र बन्न सम्भव छ।

नेपालमा कुनै एउटा जात/जातिको निरपेक्ष बहुमतमा आधारित स्वायत्तता र स्वशासन गाविस तहमा गएपछि मात्र व्यापक मात्रामा बन्न सम्भव देखिन्छ।

गाविसभन्दा माथि प्रदेशको तहमा भने बाहुल्यतामा आधारित बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक स्वशासन मात्र व्यापक मात्रामा बन्न सम्भव देखिन्छ।

नेपालको भाषा स्थिति-सबै भाषा अल्पसंङ्ख्यामा

नेपालको पछिल्लो जनगणना-२०५८ ले नेपालमा जम्मा ९२ वटा भाषा प्रचलनमा रहेको देखाएको छ, तर २० वटा भाषा चिनियाँ, अङ्ग्रेजी, असमी जस्ता विदेशी भएकालेनेपालमा चलन-चल्तीमा रहेका भाषा यथार्थमा ७२ वटा छन्। यही कारणले नेपाल बहुभाषिक मुलुक हो ।

यति धेरै भाषा भएकाले कुनकुन भाषा नै व्यवहारमा प्रयोग ल्याउनु, यो समस्या हुन्छ भन्दै एकथरि मानिसहरू नेपाली भाषालाई मात्र सरकारी कामकाजको भाषा बनाउनुपर्ने तर्क गर्छन्। परन्तु यी ७२ वटा भाषामध्ये पनि एक प्रतिशत भन्दा ज्यादा जनसङ्ख्याले बोल्ने भाषा त देशमा केवल ११ वटा मात्र छन् (वज्जिका भोजपुरी भाषाकै एउटा भाषिका भएकाले त्यसलाई छुट्टै भाषाका रूपमा हिसाब गरिएको छैन) । ती भाषाहरू नेपाली अर्थात् खस भाषा, मैथिली, भोजपुरी, थारु, तामाङ, नेवार, मगर, अवधि, बान्तावा राई, गुरुङ र लिम्बु हुन्। स्विटजरलैन्डमा प्रचलित ४ वटा तथा दक्षिण अफ्रिकामा प्रचलित ११ वटा भाषा नै राष्ट्र भाषा भए जस्तै सङ्घीय नेपालमा पनि यिनै एघारवटा भाषाहरू राष्ट्र भाषा वा सरकार ी कामकाजको भाषा हुने हैसियत राख्छन्। अरू स्थानीय वा क्षेत्रीय रूपमा सरकारी कामकाजका भाषा हुनसक्छन्। यी भाषामध्ये पनि तत्काल प्रचलनमा ल्याउन सक्ने हैसियतसहितको लिपी र साहित्य नभईकन उत्तिकै र स्वतः कुनै एउटा भाषा सरकारी कामकाजको भाषा हुन सम्भव नहुने कुरा स्पष्ट छ।

नेपालको कटु यथार्थ के हो भने सबैभन्दा धेरैले बोल्ने नेपाली अर्थात खस भाषा पनि केवल ४८.६ प्रतिशतले बोल्दछन् । त्यसैले नेपाली भाषा पनि बहुमतको भाषा होइन। नेपालको दोस्रो ठूलो भाषा मैथिली हो जो१२.३ प्रतिशतले बोल्दछन्। तेस्रो ठूलो भाषा भोजपुरी बोल्नेहरू ७.५ प्रतिशत छन् । अन्य ठूला भाषाहरूमा थारु ५.८ प्रतिशत, तामाङ ५.१९ प्रतिशत, नेवार ३.६३ प्रतिशत, मगर ३.३९ प्रतिशत र अवधि २.४७ प्रतिशत, बान्तावा राई १.६ प्रतिशित, गुरुङ र लिम्बु१५ प्रतिशतले बोल्ने भाषाहरू हुन्। यस हिसाबले नेपाल भाषिक तवरले पनि अल्पसंख्यकहरूको मुलुक हो।

हाम्रो अर्को वास्तविकता यो छ कि नेपालमा मातृभाषा बोल्नेहरू उनीहरूको जातिगत जनसङ्ख्याभन्दा निकै कम छन् । सातवटा जिल्लामा मगर बाहुल्यता छ, तर मगर भाषा बोल्नेको बाहुल्यता भने कुनै एउटा जिल्लामा पनि छैन । नेपालभरि १६ लाख २२ हजार मगर भएता पनि मगर भाषा बोल्नेहरू भने ७ लाख ७० हजार मात्र छन । नेवार र गुरुङ जातिभन्दा ती भाषा बोल्नेहरूको सङ्ख्या झण्डै आधाभन्दा थोरै बेसी मात्र छ। राज्यको लामो समयसम्मको एक भाषा विशेषाधिकारको नीति र भाषिक दमनले गर्दा यो स्थिति पैदा भएको हो।

परिणामतः भाषागत बाहुल्यताको स्थिति केलाउँदा नेपाली भाषाको बाहुल्यता ५५ जिल्लामा छ, तर निरपेक्ष बहुमत भने ४९ जिल्लामा देखिन्छ। नेपालीबाहेकका अन्य भाषाहरूको बाहुल्यता २० जिल्लामा देखिन्छ, तर निरपेक्ष बहुमत १३ जिल्लामा मात्र छ। उदाहरणका लागि मैथिली भाषाको बाहुल्यता पूर्वी तराइका ६ वटा जिल्लामा छ तर निरपेक्ष बहुमत भने ५ वटा जिल्लामा छ । मध्य तराइमा भोजपुरी भाषाको बाहुल्यता र निरपेक्ष बहुमतको स्थिति हार हारीमा तीन-तीनवटा जिल्लामा छ । त्यस्तै थारु, नेवार र गुरुङको निरपेक्ष बहुमत र बाहुल्यताको स्थिति एक-एकवटा जिल्लामा मात्र छ । तामाङ र अवधिको भने दुई-दुईवटा जिल्लामा बाहुल्यता भएता पनि निरपेक्ष बहुमत भने १-१ वटामा मात्र देखिन्छ । बान्तावा राईको कहीं पनि बाहुल्यता छैन, अनि लिम्बूको बाहुल्यता २ वटा जिल्लामा भए पनि निरपेक्ष बहुमत एउटामा पनि छैन।

भाषागत हिसाबले हेर्दा पनि गाविसको चित्र केही बेग्लै देखिन्छ । नेपालका ८४ प्रतिशत गाविसमा एउटा न एउटा भाषाको निरपेक्ष बहुमत देखिन्छ। अनि नेपालका जम्मा ४०५१ वटा गाविस र नगर पालिकामध्ये ५१ प्रतिशतमा नेपाली भाषाको बाहुल्य छ र ४६ प्रतिशतमा निरपेक्ष बहुमत रहेको देखिन्छ। बसाइँ सराइ तीव्र गतिको कारण विगत केही दशकयता तराइको जनसङ्ख्या को संरचनामा काफी अन्तर आइसके पनि तराइमा मैथिली, भोजपुरी र अवधी(भाषीहरूको आफ्नो बसोबासका क्षेत्रमा सन्निकट र सघन उपस्थिति अझै कायम छ। पहाड र हिमाली क्षेत्रमा यस्तो सघन र सन्निकट बसोबास गुरुङ, लिम्बू, बान्तावा राई र भोटे शेर्पाहरूको रहेको छ । पहाडमा ठूलो सङ्ख्यामा रहेका तामाङ र मगर भाषीहरू तथा तराइमा ठूलो मात्रामा रहेका थारुभाषीहरू एउटा सिङ्गो क्षेत्रमा नभएपनि दुई तीनवटा क्षेत्रमा सन्निकट र सघन बसोबास गर्छन् (शर्मा २००६)

# कीर्तिपुर सहकारी समन्वय समितिको शुभकामना एवं चियापान कार्यक्रम




कीर्तिपुर क्षेत्रमा जन आन्दोलन २ को सफलतापछि सहकारी खोल्ने होडवाजी नै चलेको थियो । अहिलेसम्म प्राप्त जानकारी अनुसार कीर्तिपुर नगरपालिका क्षेत्रभित्र करीव ८४ देखि ९० वटा सहकारी खुलेको छ ।

सानो ठाउँमा धेरै सहकारी खुलेपछि सहकारी विच ऋण प्रवाह गर्नेमा होडवाजी नै भयो । ऋण तिर्न नसक्ने ग्राहकले एउटा सहकारी छाडेर अर्को सहकारीमा ऋण लिन थाल्यो । यो कुरा एउटा सहकारीले अर्को सहकारीलाई जानकारी नदिने परि पाटीले सहकारीहरूको खराव कर्जा बढ्दै गए । यी कुराको ख्याल आएपछि कीर्तिपुरमा कारोवार गरिरहेका सहकारीहरूले एक आपसमा समन्वय गर्नु पर्ने महसुस गरी कीर्तिपुर सहकारी समन्वय समितिको गठन भयो । उक्त समन्वय समितिले विगत २ वर्षदेखि हरेक चैत २० गते सहकारी दिवस र कीर्तिपुरको सहिद दिवसको अवसर पारेर संयुक्त र्‍याली निकाल्दै आइरहेका छन् । गत बैशाख २८ गते शनिवार उक्त समितिले कृष्ण क्याटरिंग हलमा नव वर्ष २०७०को शुभकामना आदान प्रदान तथा चियापान कार्यक्रमको आयोजना गरियो । सहकारी समन्वय समितिका संयोजक कीपू बचतका अध्यक्ष सिद्धि कुमार महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय सहकारी संघका अध्यक्ष केशव बडाल हुनुहुन्थ्यो । समिति सदस्य सहकारीका अध्यक्षहरूलाई खादा ओढाई सम्मान गरिएको थियो । कार्यक्रमको संचालन कीर्तिपुर बहुउद्देश्यीय सहकारीका अध्यक्ष रमेश महर्जनले गर्नु भएको थियो । स्वागत मन्तव्य पाँगा महिला वचत तथा ऋण सहकारीका अध्यक्ष मेनुका महर्जनले दिनु भएको थियो । कार्यक्रमको उद्देश्य र कार्यक्रमको औचित्य बारे बोल्दै पाँगा बहुउद्देश्यीय सहकारीका सरवकुमार महर्जनले कीर्तिपुरमा सहकारी बैंकको शाखाको जरुरत भएको जानकारी दिनु भएको थियो । प्रमुख अतिथि केशव बडालले सहकारी समन्वय समितिको कदमको प्रशंसा गर्नु हुँदै सहकारीहरूले एकले अर्कासँग वैरभाव नराखी सहकारी भावनाले काम गर्नु पर्ने बताउनु भयो । उहाँले सरकारले नीजि बैंकहरूलाई गाँभ्न थाले जस्तै कमजोर सहकारी हरू पनि मर्ज गरेर जानु पर्ने सल्लाह दिनुभयो । शुभकामना कार्यक्रम पछि चियापानको आयोजना गरिएको थियो ।

# कवि राजभाइ जकःमिलाई कीर्ति विहारद्वारा सम्मान

गत बैशाख २१ गते काठमाडौं इतुम्वहालमा भएको स्वयम्भु ज्ञानमाला भजन खलःको हिरक जयन्तीको उपलक्ष्यमा बौद्ध संगीत जागरण समितिले गरेको ज्ञानमाला भजन प्रतियोगितामा श्रीकीर्ति ज्ञानमाला भजन खलःद्वारा प्रस्तुत भजनले उत्कृष्ट र चनाको पुरस्कार प्राप्त गर्न सफल भएको खुशीयालीमा रचनाकार राजभाइ जकःमिलाई श्रीकीर्ति ज्ञानमाला भजन खलःले गत बैशाख २५ गते बुधवार एक कार्यक्रम गरी सम्मान गरिएको थियो ।

प्रमुख अतिथि संस्कृतिविद सत्यमोहन जोशी रहनु भएको श्रीकीर्ति विहार भजन खलःका अध्यक्ष श्रीकृष्ण महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा नगरमण्डप श्रीकीर्ति विहारका प्रमुख पञ्याकीर्ति महास्थविरले पञ्चशील प्रार्थना गरेर शुभारम्भ गरेको उक्त कार्यक्रममा सचिव महन्त महर्जनले स्वागत मन्तव्य दिनु भएको थियो । सल्लाहकार. पूर्ण महर्जनले संचालन गर्नु भएको थियो । कवि राजभाइ जकःमिलाई सम्मान पत्र प्रदान गर्नुहुँदै प्रमुख अतिथि सत्यमोहन जोशीले कवि जकःमिले मातृभाषाबाट साहित्य रचना गर्नु भई देशको साहित्य उत्थानमा



अमूल्य योगदान गर्नु भएको चर्चा गर्नु हुँदै निरन्तर रुपमा साहित्य साधना गर्नु भै अन्तराष्ट्रिय क्षेत्रमा पनि प्रख्याती कमाउन सकिने बताउनु भयो । उक्त अवसरमा अमल्सि टोलवासीको तर्फबाट पनि भरत महर्जनले कवि जकःमिलाई सम्मान पत्र प्रदान गरिएको थियो ।

# कीर्तिपुरमा खुद्रा ग्यास विक्रेता संघ गठन




सरकारले विभिन्न नियमहरू बनाएर खुद्रा ग्यास विक्रेताहरूलाई करको दायरामा ल्याउन खोजेपछि खुद्रा ग्याँस विक्रेताहरू आन्दोलित भएका छन् ।

आन्दोलनको क्रममा नै संगठनको आवश्यकता महसुस गरी कीर्तिपुरमा खुद्रा ग्याँस विक्री गर्ने खुद्रा ग्यास विक्रेताहरूले गत बैशाख २५ गते बुधवार भेला भै तदर्थ समिति गठन गरिएको थियो । जसमा :– अध्यक्ष हरिकृष्ण थापा, उपाध्यक्ष भूवन नगर कोटी, सचिव राजमान महर्जन, कोषाध्यक्ष श्रवणकुमार श्रेष्ठ, सदस्यहरूमा विजय महर्जन, श्रीराम थापा र देव महर्जन गरी ७ सदस्यीय तदर्थ समिति गठन गरिएको थियो । सोही समितिले गत बैशाख २८ गते शनिवार कीर्तिपुर पार्टी पार्टी प्यालेसमा एउटा भेलाको आयोजना गरियो । ग्यास विक्रेता संघ २०५३ का अध्यक्ष विवेन्द्र प्रधानाङ्गको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रमको सभापतित्व अध्यक्ष हरिकृष्ण थापाले गर्नु भएको थियो भने स्वागत मन्तव्य उपाध्यक्ष भूवन नगरकोटी र संचालन सचिव राजमान महर्जनले गर्नु भएको थियो । उक्त समितिमा अहिलेसम्म ८५ जना सदस्य रहेका छन् ।

एउटा ग्यास सिलिन्डरमा रु.१४४०/ लगानी गरेर जम्मा रु.३०/ मुनाफा हुन्छ । सो भनेको २ प्रतिशत मात्र मुनाफा रहेको छ । त्यसमा पनि ग्याँस कम्पनीले मांग अनुसार आपूर्ति गर्न सकेको छैन । यसै वीच वार्षिक बीस लाख रुपैयाँभन्दा बढीको कारोवार गर्नेहरूले भ्याटमा दर्ता भएर भ्याट तिर्नु पर्ने भएको हुँदा आफूहरूलाई खासै मुनाफा नहुनेको साथै झन्झट बढी हुने जनाई सो को विरोध गर्ने जनाइएको छ ।


# हार्दिक बधाई

शै.व. २०७० देखि **जनसेवा उच्च मा.वि. पाँगा**लाई प्राविधिक तथा व्यवसायिक शिक्षा **इन्जिनियरिङ विषय** अन्तर्गत **कक्षा ९ मा इलेक्ट्रिकल इन्जिनियरिङ** कक्षा शुरु गर्ने नेपाल सरकार शिक्षा मन्त्रालय शिक्षा विभागद्वारा स्वीकृति प्राप्त भएको अवसरमा काठमाडौंको एक मात्र विद्यालयको रुपमा परिचित हुने अवसर पाएको खुशियालीमा हामी विद्यालय परिवारलाई हार्दिक बधाई ज्ञापन गर्न चाहन्छौं ।

## सोफेस नेपाल
## कीर्तिपुर





# भिंतुना

स्वयम्भू ज्ञानमाला भजन खलःया हिरक जयन्तीया लसताय् बौद्ध संगीत जागरण समितिया ग्वसालय् वंगु बैशाख २१ गते इतुंबहाः येँय् जूगु बौद्ध ज्ञानमाला भजन सम्मेलनय् श्रीकीर्ति ज्ञानमाला भजन खलः नगरमण्डप श्रीकीर्ति विहार किपूपाखें न्ह्यब्वःगु भजनाया रचनापाखे उत्कृष्ट सिरपा कायेत ताः लानादीम्ह ज्यापु महागुथि केन्द्रीय उजं पुचःया नायः रचनाकार **कवि राजभाई जकःमि व श्रीकीर्ति ज्ञानमाला भजन खलः**यात भिंतुना ।

## ज्यापु महागुथि, किपू नगर समिति
**न्हूबजाः, किपू**

# कीर्तिपुर क्रसकन्ट्री – २०७० सम्पन्न



**नवीन महर्जन**

कीर्तिपुर खेलकुद विकास समाजद्वारा नववर्षको उपलक्ष्यमा वर्षेनी आयोजना गर्दै आएको कीर्तिपुर क्रसकन्ट्री-२०७० गत बैशाख २८ गते शनिवार सम्पन्न भएको छ ।

पाँगा दोबाटोबाट शुभारम्भ भई कीर्तिपुरको नवनिर्माण मुल गेट (ढोका) सम्म करीव ५.कि.मि.को उक्त सडक दौड प्रतियोगिताको खुल्ला पुरुष तर्फ कीर्तिपुरको धर्म महर्जनले १३. १९ सेकेण्ड १९ दशमलवमा पुरा गरी प्रथम भएको छ भने दामोदर बुढा मगरले १३ मि. ३४ सेकेन्डमा पुरा री द्वितिय तथा सोनाम लामाले १४ मि ०२ सेकेन्डमा पूरा गरी तृतिय भएका थिए ।

त्यसैगरी खुल्ला महिला तर्फ शर्मिला क्षेत्री प्रथम भगवती कुमारी शाही दोस्रो तथा नारायणी देवी सिंह तेस्रो भएकी थिइन् । स्मरणरहोस खुल्ला तर्फ यो प्रतियोगिता नवौं संस्करण थियो । त्यसैगरी छैटौं संस्करणको विद्यालय स्तरीय छात्र तर्फको प्रतियोगितामा मंगल उच्च मा.वि.का नवराज बुढा प्रथम, साल्मेनिया एकेडेमीका सागर कार्की द्वितिय तथा मंगल उच्च मा.व.का नै संजिव मगर तृतिय भएका थिए । त्यस्तै गरी छात्रा तर्फ सितापाइला उच्च मा.वि.का हुमी बुढामगर प्रथम, पुष्पसदन आ.मा.वि.का रेशुका मानन्धर द्वितिय तथा बासु उच्च मा. वि. भक्तपुरकी शर्मिला सुवाल तृतिय भएकी थिइन ।

यस विद्यालयस्तरीय प्रतियोगितामा मंगल उच्च मा.वि., पुष्पसदन आ.मा.वि., हिलटाउन उच्च मा.वि, उज्वल शिशु निकेतन एकेडेमी, साल्मेनिया एकेडेमी, अनर इन्टर नेशनल, बासु, उच्च मा.वि, गोल्डेन रेज एकेडेमी, सीतापाइला उच्च मा.वि., रारहिल मेमोरियल स्कुल, श्री पद्म उच्च मा.वि., जनसेवा उच्च मा.वि. ग्रीन भिलेज फाउण्डेसन एजुकेशन लगायत गरी १०० जना भन्दा बढी विद्यार्थीहरूको सहभागिता थियो । यस प्रतियोगिताको भेट्रान तर्फ



मंगलदास तण्डुकारलाई पुरस्कृत गरेको थियो । सम्पूर्ण इभेन्ट्समा दशौं स्थानसम्म सहभागीलाई टिसर्ट र प्रमाण पत्र वितरण गरिएको थियो भने प्रथम, द्वितिय र तृतिय हुने खेलाडीहरूलाई कृष्ण क्याटरिङ्गमा सम्पन्न पुरस्कार वितरण कार्यक्रममा प्रमुख अतिथि प्रा.डा. रामकृष्ण महर्जन, अतिथीहरू प्रा.डा. शिवशरण महर्जन, कालिन्चोक भगवति गणका प्रमुख भरत श्रेष्ठ लगायतले ट्रफी, मेडल, टिसर्ट, प्रमाण पत्र एवं नगद पुरस्कार वितरण गरिएको थियो ।

साथै यस पुरस्कार वितरण कार्यक्रममा यस समाजका अध्यक्ष एवं कार्यक्रमको सभापति प्रदिप महर्जनले कीर्तिपुरको प्रतिनिधित्व गरी आगामी मे २९ तारिख अर्थात् जेठ १५ गते हुने सगरमाथा हिरक जयन्ति म्याराथन -६० कि.मि. तर्फ सहभागी हुने धर्म महर्जनलाई संकलित रकम प्रदान गरिएको थियो । हिमालय एक्सपिडिसन सन्स कम्पनीद्वारा नेपालको साहसिक खेलकुद पर्यटन प्रवर्द्धन गर्दै लैजाने उद्देश्यले सन् १९५३ मे २९ को दिनको सुखद सम्झनामा मे २९ मा सगरमाथा दिवशको दिन तेन्जिङ-हिलारी सगरमाथा म्याराथन(४२.१९५ कि.मि) र यस वर्ष सगरमाथा आरोहणको ६०औं जयन्तीको अवसरमा सगरमाथा हिरक जयन्ती म्याराथन जस्को दुरी हो ६० कि.मि. यस्मा कीर्तिपुरका धर्म महर्जनले सहभागिता जनाउने भएको हो । जसको लागि करीव ८०,०००/को बजेट आवश्यक थियो तसर्थ कीर्तिपुर खेलकुद विकास समाजले उहाँलार्य आर्थिक सहयोगको आव्हान गर्दै यस क्षेत्रका विभिन्न संघ संस्थाहरूलाई पत्राचार गरेको थियो जस अनुसार अहिलेसम्म कोर्नेल नेपालको तर्फबाट रु.६०००/- नयाँ बजार क्लबको तर्फबाट रु.५,०००/ तथा दक्षिण भेगीय नीजि तथा आवासीय विद्यालय संगठन कीर्तिपुरबाट रु. ४,०००/ नगद प्राप्त भएको थियो जुन उक्त दिन हस्तान्तरण गरेको थियो साथै अन्य विभिन्न संघ संस्थाले पनि सहयोग गर्नु हुनेछ भनेर हामी आशावादी छौं । साथै उहाँले उक्त प्रतियोगितामा सफलता हासिल गर्न सकोस् भनी हामी कीर्तिपुर वासीको तर्फबाट शुभकामना पनि दिन चाहन्छु ।

साहित्य — कविता

## समय सँधै एकनास रहँदैन



**राम महर्जन**
**की.न.पा. १६ नगाउँ**

नविर्स नेताजी देशलाई यसरी
मुलुकलाई पर्दछ बाधा बेस्सरी
सम्झिने गर देशलाई पनि जसरी
नत्र चल्छ यो देश कसरी

जुन बेला खानुछ औषधी मुलो
समयको महत्व छ उही बेला
आजको भोली हुन्छ कुबेला
बेमौसमको बाजा नबजाउ तवला

राष्ट्रको सम्पति सम्हाल पाईपाई
नसिध्याउ यस्लाई केवल खाइ खाई
संचित गर यस्लाई पसिना चुहाई चुहाई
यसैमा देशको भविष्य हुन्छ हाई हाई

नेता जो छ देशभक्त हाम्रो
उसैलाई भनिएला आमाको सुपुत्र
हुँदैन त्यो नेता कसैलाई चाम्रो
नबिताउ समय व्यर्थमा नेताजी

देशको आवश्यकता के हो बुझ
नबुझी नलाग हचुवाको भरमा
सानालाई पनि समेटिने गर
समय सँधै एकनास रहँदैन

**नेपालभाषा बोल्न जान्ने पाठकहरूलाई नेपालभाषा लेख्न अप्ठ्यारो मानिरहेकोले व्याकरण सम्बन्धि ज्ञान हासिल गर्न चाहेकोले डा. तुयुवहादुर महर्जनद्वारा लिखित स्वाध्यायन नेपालभाषा पुस्तकबाट साभार गरी यहाँ प्रस्तुत गरिएको छ - संपादक**

### ५. क्रिया

### नेपालभाषामा छ प्रकारका क्रियाहरू छन

### ५.४ आफू र अरू

नेपालभाषामा आफूलाई जनाउने र अरूलाई जनाउने गरी क्रिया दुई किसिमका छन् । **जि** (म), **जिपिं** (हामी), **झी** (हामीहरू), **झीपिं** (हामीहरू सबै) लाई एकखाले क्रिया, छ (तिमी), छिपिं (तिमीहरू), व (ऊ), इपिं ( उनीहरू), थ्व (यो), थुपिं (यिनीहरू)-लाई अर्कैखाले क्रिया प्रयोग हुन्छन् । जस्तै

जि वया – म आएँ । जिपिं वया – हामी(हरू) आयौं ।

झी वया – हामी आयौं । झीपिं वया – हामीहरू सबै आयौं ।

यी भए आफूलाई जनाउने शब्दहरू । यसमा जि, जिपिं, झी, झीपिं एक र धेरै भए पनि एकैखाले क्रिया प्रयोग भएका छन् । छ, छिपिं, व, इपिं सबै अरूलाई जनाउने शब्दहरू हुन् । (नेपालीमा भए छ, छिपिं-लाई एकखाले र व, इपिं-लाई अर्कैखाले क्रिया हुन्छन् ।) यसलाई अर्कैखाले क्रिया प्रयोग हुन्छ, जस्तै –

छ वल – तिमी आयौं । छिपिं वल – तिमीहरू आयौं ।

व वल – ऊ आयो । इपिं वल – उनीहरू आए ।

यसरी आफू बाहेक अरू जोसुकै भए पनि एउटैखाले क्रिया प्रयोग हुन्छ ।

क्रियाको प्रयोग

जि – म, जिपिं– हामीहरू, छ– तिमी, छिपिं– तिमीहरू, व–ऊ, इपिं–उनीहरू

वये – आउँछु, आउँछौं । वइ – आउँछौं, आउँछ, आउँछन् ।

वया – आएँ, आयौं । वल – आयौं, आयो, आए

ग्याये –डराउँछु डाराउँछौं । ग्याइ – डाराउँछौ, डराउँछ, डराउँछन्

ग्याना –डराएँ, डरायौं । ग्यात – डरायौ, डरायो, डराए ।

म्हिते - खेल्छु, खेल्छौं । म्हिती - खेल्छौं, खेल्छ, खेल्छन् ।

च्वने - बस्छु, बस्छौं । च्वनी -बस्छौं, बस्छ, बस्छन् ।

च्वना -बसें, बस्यौं । च्वन -बस्यौं, बस्यो, बसे ।

हाले -कराउँछु, कराउँछौं । हाली - कराउँछौं, कराउँछ, कराउँछन्

हाला -कराएँ, करायौं । हाल - करायों, करायो, कराए ।

क्रमश ....


## जग्गा भाडामा छ

कीर्तिपुर बाहिरी गाउँबाट नगाउँ जाने मूल सडकमा ३ दशमलब ७५ रोपनी खाली जग्गा भाडामा छ ।

आवश्यक पर्नेले तुरुन्त सम्पर्क गर्नु होला

९७५१००९४०८

## नयाँ शो रूम खुल्यो

CTEVT बाट संचालित राष्ट्रिय शीप प्रतियोगितामा Top Ten मा स्थान हासिल गर्न सफल युनिक टेलर्सको अब नयाँ शो रूम खुलेको जानकारी गराउन चाहन्छौं ।




युनिक टेलर्स

नयाँबजार, फोन ४३३१०७८

## मैत्री समाज कीर्तिपुरद्वारा रक्तदान कार्यक्रम



कीर्तिपुरमा कार्यरत सामाजिक संस्था मैत्री समाज कीर्तिपुरले गत वैशाख २८ गते शनिवार पाँगा माध्यमिक विद्यालयको प्रांगणमा रक्तदान कार्यक्रमको आयोजना गरियो।

उक्त कार्यक्रममा ३७ जनाले रक्तदान गर्नु भएको थियो। जसमा पुरुष ३२ जना र महिला ५ जनाले रक्तदान गर्नु भएको कार्यक्रमका संयोजक तीर्थराज सापकोटाले बताउनु भएको छ।

उक्त कार्यक्रममा महिलाहरूको पनि उल्लेख्य उपस्थिति रहेका थिए तर रक्तदान गर्ने इच्छा हुँदाहुँदै पनि विभिन्न शारीरिक कारणले रक्तदान गर्न पाएन।

## की.स्व.स छैठौं क्यारियर हन्ट कार्यक्रम सम्पन्न

कीर्तिपुर स्वयंसेवक समाजले प्रत्येक वर्ष एस.एल.सी दिएर बसेका विद्यार्थीहरूलाई लक्षित गरी जीवन उपयोगी सीपका साथसाथै पाठ्यपुस्तकका अत्तिरिक्त सैद्धान्तिक तथा व्यावहारिक मध्यम स्तरको ज्ञान दिई उनीहरूमा स्वःनिर्णय गर्न सक्ने क्षमता अभिबृद्धी गर्ने उद्देश्यका साथ आयोजना गर्दै आइरहेको क्यारियर हन्ट कार्यक्रमको छैठौं संस्करण यही २०७० वैशाख २१ गते शनिबार कीर्तिपुरमा सम्पन्न भएको छ। उक्त कार्यक्रमको विगतको स्वरूपलाई परिमार्जन गर्दै यस वर्ष एक दिने कार्यशालाको रूपमा आयोजना गरिएको उक्त कार्यक्रममा यस वर्ष की.न.पा क्षेत्रका विद्यालयहरूबाट एस.एल.सी परीक्षामा सामेल भएका २९ जना विद्यार्थीहरूको सहभागिता रहेको थियो। उक्त एक दिने कार्यशालामा रोल मोडेल(उत्प्रेरक/प्रेरणादायी व्यक्तित्व), लक्ष्य निर्धारण(Goal Setting), व्यक्तित्व विकास( Personality Development),क्यारियर परामर्श(Career Counseling) विषयमा समाजका सहजकर्ताद्वय श्री आकर्षण प्रधान र श्री रूपेन्द्र महर्जनबाट विद्यार्थीहरूलाई सहजीकरण गरिएको थियो।

स्मरणीय छ की.स्व.सले विगत पाँच वर्षदेखि निरन्तर क्यारियर हन्ट कार्यक्रम संचालन गर्दै आइरहेको छ।

## सङ्घीय समाजवादी पार्टी, नेपालको काठमाडौं क्षेत्र नं.८ को क्षेत्रीय भेला सम्पन्न

२०७० बैशाख २८ गते शनिवार पार्टीका महासचिव राजेन्द्र श्रेष्ठको प्रमुख आतिथ्यतामा सङ्घीय समाजवादी पार्टी, नेपालको काठमाडौं क्षेत्र नं.८ को क्षेत्रीय भेला तथा क्षेत्रीय तदर्थ समिति गठन गर्ने कार्यक्रम जगत सुन्दर ब्वनेकुथि डल्लु लखुतिर्थ १५ वडामा सयौंको उपस्थितिमा सम्पन्न भयो।

भेला आयोजक समितिका संयोजक वि.जि.रत्नको सभापतित्वमा भएको उक्त भेलाले २९ सदस्यीय क्षेत्रीय तदर्थ समिति, काठमाडौं क्षेत्र नं.८ गठन गरेको छ। उक्त कार्यक्रममा प्रमुख अतिथि राजेन्द्र श्रेष्ठले ल्याटिन अमेरिका ब्राजिल, भेनेजुयला आदि देशको उदाहरण दिँदै सङ्घीयता र समाजवाद सँगसँगै जान सक्दैन भन्नेहरूको खण्डन गर्नु भयो।

उहाँले जनता भोका नाङ्गा रहे सङ्घीयता आइसके पछि पनि असन्तुष्ट हुने भएकोले समाजवादमा मात्र सङ्घीय शासन दिगो हुने कुरा बताउनु भयो। पूंजीवादले जातीय मुक्ति र वर्गीय मुक्तिको समस्या एक साथ हल गर्न नसक्ने भएकोले सङ्घीय समाजवाद आवश्यक रहेको बताउनु भयो। उहाँले लोकमान प्रकरणको सन्दर्भमा कांग्रेस र एमालेले द्वैध चरित्र देखाएको आरोप लगाउँदै ४ पक्षीय सिण्डिकेट रुपी मुहान नै फोहर भएपछि यस्ता घटना घटिरहने भएकोले ११ बुँदै ४ पक्षीय सहमति र २५ बुँदे संविधान संशोधन आदेश खारेज हुनुपर्ने बताउनु भयो। समुद्रमा गोहिले अन्य जीव जन्तु खाएपछि सायद आफूले पाप पो गऱ्यो कि भनेर आँसु बगाए जस्तै अहिले कांग्रेस एमालेले लोकमान प्रकरणमा गोहिको आँसु बगाएको आरोप लगाउनु भयो।

अन्य वक्ताहरूमा पार्टीका केन्द्रिय सल्लाहकार समितिका सभापति मङ्गलसिद्धि मानन्धर, स्थायी समिति सदस्य तथा नेवाः प्रदेश इन्चार्ज केवि घःजु केन्द्रिय सदस्य सुवर्णमान डंगोल, सङ्घीय समाजवादी महिला संघका महासचिव लिला सिटौला, संङ्घीय तथा जातीय मामिला विभागका सदस्य मनरत्न शाक्य लगायतले पनि आफ्नो धारणा राखेका थिए।

अन्य अतिथिहरूमा केन्द्रिय सदस्य तथा संगठन विभागका सचिव लालवहादुर तामाङ, केन्द्रिय सदस्य एवं काठमाडौं जिल्ला अध्यक्ष सानुराजा शाक्य, केन्द्रिय सदस्य तथा प्रचार विभाग उप प्रमुख रमेश चन्द्र श्रेष्ठ, काठमाडौं जिल्ला सचिव हिराकाजी महर्जन, काठमाडौं जिल्ला आर्थिक विभाग प्रमुख राजु सुवेदी रहेका थिए। भेलाको अन्त्यमा क्षेत्रीय तदर्थ समितिका पदाधिकारी तथा सदस्यहरूलाई प्रमुख अतिथि राजेन्द्र श्रेष्ठले शपथ ग्रहण गराउनु भएको थियो। काठमाडौं क्षेत्र नं.८ को क्षेत्रीय तदर्थ समितिका पदाधिकारी तथा सदस्यहरू निम्न अनुसार रहेका छन।

अध्यक्ष वि.जि.रत्न, उपाध्यक्ष बाबुराजा महर्जन, सचिव कृष्ण ठकुरी, उपसचिव केशरमान श्रेष्ठ, सदस्यहरू श्रीकृष्ण महर्जन, सञ्जय रौनियार, पुरुषोतम डंगोल, शारदामुनि बज्राचार्य, हरिओम जोशी, कुमेश बज्राचार्य, रुवि शाक्य, कविन्द्रनाथ कपाली, सुदर्शन मुनि बज्राचार्य, गणेशमान श्रेष्ठ, नानीमाया प्रजापति, आशिष श्रेष्ठ, सुजन प्रधान, कुमार डंगोल, सुरज सायमि, विजय डंगोल, हरिगोपाल महर्जन, विकास महर्जन, रमेश मालाकार, प्रकाशलाल जोशी, किरण महर्जन, मच्छे वहादुर अमात्य, रमिता शाक्य, केदार लाल श्रेष्ठ र रमेश महर्जन


# हार्दिक श्रद्धाञ्जली

जन्मः वि.सं. १९८६



निधनः वि.सं. २०७०/१/२५

स्व. जगतबहादुर महर्जन

यस इटागोल सामुहिक वचत कोषका सदस्य **जगतवहादुर महर्जन**को ८४ वर्षको उमेरमा यही बैशाख २५ गते असामयिक निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनले धैर्य धारण गर्न सकोस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

**इटागोल सामुहिक वचत कोष**

**इटागोल, कीर्तिपुर -१८**

# हार्दिक श्रद्धाञ्जली

जन्मः वि.सं. १९८६



निधनः वि.सं. २०७०/१/२५

स्व. जगतबहादुर महर्जन

बृद्ध सेवा समाजका आजिवन सदस्य कीर्तिपुर इटागोल निवासी **जगतवहादुर महर्जन**को ८४ वर्षको उमेरमा यही बैशाख २५ गते असामयिक निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनले धैर्य धारण गर्न सकोस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

बृद्ध सेवा समाज कीर्तिपुर परिवार

## कथा साहित्य

# पुस्तकको भरिया



**प्रेमकृष्ण श्रेष्ठ**

पुषको महिना । बाक्लो हुस्सु लागेको हुन्छ । हुस्सुले वरिपरिको केही दृश्य देखिएको हुँदैन । सखारै दुइजना बालक , एउटा सडकको पेटी - पेटी हिँडिरहेको दृश्य देखिन्छ । एउटा बालकको लुगा चिटिक्क परेको हुन्छ । ऊ स्कूल युनिफर्ममा हुन्छ । अर्को बालक एउटा गह्रौं भारीले थिचिएको हुन्छ । उस्को गर्दन पुस्तकको झोलाले आधा नुहुरेको हुन्छ । त्यस बालकको लुगाको कठालोमा एउटा कालो सर्प लमतन्न परी सुतिरहेको हुन्छ । शोककाव्यको कुनै पृष्ठजस्तो त्यस बालकको अनुहार हेर्दा, त्यो अनुहार कुनैदिन मुस्कुराउन सक्छ भनेर विश्वास गर्न पनि गाह्रो छ । उनीहरू हिँडेर एउटा चोकमा पुग्छन् र थ्याच्च रोकेको गाडीमा त्यो चिटिक्क परेको बालक उक्लेपछि उस्को हातमा त्यो भारी हस्तान्तरण गरी त्यो किताबको भरियाले भारी बिसाउँछ । त्यो भरिया बालक गाडीको गमनलाई हेर्दै रितै फर्किन्छ । प्रत्यागमनको बाटोमा सँधै बिजु साहुको पसलको चामलको भारी बोक्ने कृष्णेसित उस्को भेट हुन्छ । कृष्णे जिस्केर बोल्छ, -कति किटावको भारी बोक्छस् ए गधा, चामलको भारी बोक न । दुइचार पैसा त पाउँछ ' रामु त्यो बेला फिसिक्क हाँस्छ मात्र । यो दृश्य यो सडकमा दिनदिनै दोहोरिने दृश्य हो । त्यो पुस्तकको नोकर र मालिकको उमेरमा खासै फरक पनि छैन । त्यो पुस्तकको भरिया, रामप्रसाद, जस्को रामप्रसादको 'प्रसाद' पनि समाजले खाएर मात्र रामे भनी बोलाइन्छ भने त्यो किताबको भारी बोकाउँदै हिँड्ने बालक, किरण , जस्को नामको अगाडी बाबु थपिएर 'बाबु किरण'ले सम्वोधित छ । यी दुई बालकविचको भिन्नता त्यस आलिशान महलको मन्दिरमा सजाइएकी सरस्वतीले त गुनासो गरेकी छैनन् भने अरूले के गरोस् ।

रामप्रसादलाई आफ्नो आमाको वारेमा त्यति जानकारी छैन । बाबुको धमिलो आकृति भने उस्को मानसपटलमा कैलेकाँही झल्याकझुलुक आउँछ । पाँचथरवाट केही बर्षअघि बाबुको औंला समातेर ऊ एउटा ओरालो झरेको थियो । बाबुले त्यसबेला उस्लाई एउटा होटेलमा खुवाएको जिलेबीको याद उस्लाई अझै आउँछ । त्यो जिलेबीको सम्झनासँगै उस्को जिब्रो गुलियो भएर आउँछ । त्यसपछि बाबुले उस्लाई एउटा ठूलो घरमा लगेर 'राम्रोसँग बस है रामु' भनेर गएको थियो । त्यो दिन गएको बाबु कैले पनि फर्केन । बाबुलाई सम्झिन खोज्दा उस्ले त्यति सम्झन सक्दैन । जे होस्, बाबुको नाकैमा झुन्डिएको एउटा कोठीलाई ऊ सम्झन्छ । जुन कोठीले एउटा धमिलो गहुँगोरो अनुहार बोकेर ल्याउँछ । जुन अनुहार र जिलेबी उस्लाई एउटै जस्तो लाग्छ र अनुहारको स्मरणसँगै केही थोपा थुकले जिब्रोवाट पेटमा छर्लाङ्ग मार्छन् ।

आज रामु अचाक्ली खुशि छ । किनभने ऊसित आज एउटा पुस्तक छ । घरमा किरणबाबुका केही पुराना कितावहरू मिल्काउन थुपारेका थिए । त्यस पुस्तकको थुप्रोवाट एउटा पुस्तक काम लाग्ला कि भनेर उस्ले सुटुक्क आफ्नो कोठामा ल्याएको थियो । सँधै बोक्ने भारीमा तेस्तो के चिज छ ? त्यस बालकमा जिज्ञासा उब्जनु स्वभाविक हो । रातको धिपधिपे मैनबतीमा रामुले त्यो पुस्तक विस्तारै निकाल्छ । त्यस किताबमा के लेखिएको छ , उस्लाई थाहा छैन । पहिलो पृष्ठ पल्टाउँछ, गाउँतिर हजुरबाबुले टेक्दै हिँड्ने लौरोको सम्झना आउँछ । एउटा ठूलो स्याउ देखेर उस्को मुख रसाएर आउँछ । ऊ टोक्न खोजेजस्तो मुख आँ आँ गर्छ । कागजको स्याउमा थोपो पनि रस हुँदैन भन्ने कुरामा ऊ अनजान हुँदैन । उस्लाई त्यो 'तिनटा ली' जस्तो लागेको चिजलाई के भन्छ भनेर किरणबाबुलाई सोधुँ सोधु जस्तो पनि लाग्छ । तर उस्ले हिम्मत जुराउन सक्दैन किनकी किरणबाबुलाई बिहान, बेलुका किताबको झोला बोकेर बसस्टपसँग पुऱ्याउँनु , दिउँसो सुन्तलीको चमेनागृहवाट मःम ल्याइदिनु र साँझपख घाँसेमैदानमा साइकल डोऱ्याउनु भन्दा बढी हिमचिम बढाउने उस्लाई अनुमति छैन । उस्ले सोच्यो त्यो कागजको स्याउलाई हेरी, अहिले यो त्यति पाकेको छैन । भोलि रातो हुने गरी पाक्नेछ, तब यस्लाई खाउँला । यस्तै कुरा मनभरि सोचेर त्यो पुस्तककै शिरानी लाएर ऊ भुसुक्क निदायो । रातको सपनामा उस्ले त्यसरात प्रसस्त स्याउ खायो । केही स्याउ उस्ले किरणबाबुलाई पनि खुवायो । नयाँ लुगा र स्याउमा तृप्ती बालक त्यो रात नोकर र मालिक थिएन, बरु कृष्ण र सुदामा जस्तो देखिए ।

भोलि बिहान भयो । उस्ले अरू दिनझैं पुस्तकको भारी बोकेर किरणबाबुलाई गाडीसम्म पुऱ्याइदियो । बेलुका पनि त्यो भारी बोकेर घर फिर्ता भयो । साँझपख आज किरणबाबु र रामुलाई मात्र छोडेर घरको मालिक्नी कतैतिर गएकी हुन्छे । यस्तै रातको आठ बजेको छ । किरणबाबु रामुको कोठामा आएर खेलिरहेको छ । उस्लाई झल्याक हिजो रातिको स्याउको सम्झना आउँछ । उस्ले त्यो 'तिनोटा ली'जस्तो लागेको चिजलाई के भन्छ भनेर सोध्ने उत्सुकता जागेर शिरानीवाट बडो जतनले राखेको पुस्तक बाहिर निकाल्छ । त्यो पुस्तकलाई काँपेका औँलाले यसो के फुकाउन खोजेको हुन्छ , चुराको छर्लङ्ग आवाज निकालेर एउटा हातले उस्को हात बेसकन समात्छ । मानौ कुनै चोर रंगेहात पक्रिएको छ । 'किरणबाबुको किताव चोरी भयो भनेको त , तैँले पो चोरेको रहेछ , हैन । तँलाई पख । आज किताव चोऱ्यो, भोलि घडी चोर्ला अनि सुनचाँदी, गहना केमा तेरो हात पर्ने छैन । तँलाई आज ठीक नपारी छोड्दिनँ ।' मालिक्नीले पल्लो कोठावाट एउटा बाँस टिपेर ल्याई रामुको पिठँयु, अनुहार, टाउकोमा चुट्नुसम्म चुट्छे । रामु रुँदै बोलिरहेको हुन्छ - 'मैले चोरेको हैन मालिक्नी, तपाईले हिजो फालेको पुस्तकको थुप्रोवाट एउटा पुस्तक काम लाग्छ भनेर टिपेको ।' त्यस बालकको अनुनय (विनय कति पनि नसुनी निर्मम प्रहार गरिरहन्छे र बालक भुइँमा लोटछ । बालकलाई निर्मम प्रहार गरी मालिक्नी भनाउँदा अर्को कोठातिर लाग्छे ।

भोलि बिहान हुन्छ । त्यो पुस्तकको मालिक उठेर स्कूल जाने तयारीमा हुन्छ । तर, त्यो पुस्तकको नोकर उठदैन । मालिक्नी गएर रामुको कोठामा गएर हेर्छे । रामु सुतिरहेको हुन्छ । रामे, रामे भन्दै उठाउन खोज्छे, परन्तु रामुले हिजोका दिनमाझैँ डर र त्रासको अनुहार लिएर उठदैन । उस्को अनुहारमा कुनै थकान र पीडाको रेखा छैन । ऊ मस्त सुतिरहेको छ । उस्को अनुहार र शरीरभरि नीलडाम नै नीलडाम छ । ऊ बडो मायाले आफ्नो छातीमा त्यो पुस्तक समातेर बसेको छ ( त्यो बाह्रखरी । जुन पुस्तकमा मूल्य लेखिएको छ, रु २५ । 'लौन नि के भयो' भनी मालिक्नी चिच्याउँछे । घरमा चित्कार उठ्छ । सवै जम्मा हुन्छन् । केही सहानुभूति दिएर सवै जान्छन् । केही समयपछि एउटा लास फाल्ने मान्छेलाई ल्याएर मालिक्नीले भन्छे - 'यो लासलाई एउटा बोरामा पोका पारी आजै फालिदे । अनि यो पुस्तक पनि ।' छातीमा रामुसँग सुतिरहेको पुस्तकलाई इङ्गित गरी मालिक्नी बोल्छे । एउटा बालकको लाससँगै एउटा पुस्तक पनि मलामी भएर त्यस घरवाट बाहिरिन्छ, चुपचाप ।

त्यसदिनपछि केही दिन सडक रितै भयो । अनि एकदिन पुनः अर्को पुस्तकको भरिया त्यो सडकमा देखियो । को हो त्यो ? जो होस्, अर्को रामु, जो बाह्रखरीको स्याउ पाक्ला, र कुनैदिन खाउँला भन्दै स्याउ नपाक्दै अर्को दुखद मृत्युवरण गर्छ, कुनै मालिक वा मालिक्नीवाट बिना अपराधको सजायँ पाएर ।

# कीर्तिपुर नगरपालिका कार्यालयको

## सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

### (प्रथम पटक प्रकाशित मिति: २०७०/०२/०१)

यस नगरपालिकाको चालू आ.व. ०६९/०७० को आर्थिक, सामाजिक र भौतिक पूर्वाधार विकास कार्यक्रम अन्तर्गका निम्न योजनाहरु ठेक्काद्वारा निर्माण गर्नु परेकोले ईच्छुक सम्बन्धित कार्यको अनुभवी रजिष्टर्ड निर्माण व्यवसायीहरुबाट चालु आर्थिक वर्षका लागि नविकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र एवं मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, व्यवशाय कर प्रमाण पत्र लगायत अन्य आवश्यक कागजातहरु समेत संलग्न गरी देहाय बमोजिम सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

१) दरभाउपत्र फाराम खरीद गर्नको लागि निर्माण व्यवसायी आफै वा अधिकृत वारेसनामा सहितको व्यक्ति उपस्थित हुनुपर्नेछ ।

२) सिलबन्दी दरभाउपत्र निम्नानुसार मिति, समय र स्थानमा खरीद गरी दर्ता गरि सक्नुपर्नेछ । दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु निजको वारेसको उपस्थितिमा नगरपालिका कार्यालयमा खोलिनेछ । निजहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

३) तोकिएको मितिमा विदा परेमा विदाको भोलिपल्ट (कार्यालय खुलेको दिन) सिलबन्दी बोलपत्र फाराम खरीद गर्ने, पेश गर्ने तथा खोल्ने कार्य हुनेछ ।

४) सिलबन्दी दरभाउपपत्र दाखिला गर्दा आफूले कबुल गरेको दर अंक र अक्षरमा स्पष्ट लेखी खामको बाहिरपट्टी कामको नाम लेखी प्रष्ट बुझिने छाप लगाई सिलबन्दी गरी दाखिला गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

५) सिलबन्दी दरभाउपपत्र साथ कबुल गरेको अंकको २.५ प्रतिशत (अढाई प्रतिशत)ले हुने रकम धरौटीको रुपमा नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको यस नगरपालिकाको धरौटी खाता नं. स.अ. ३३०००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको जमानी पत्र संलग्न भएको हुनुपर्नेछ ।

६) यस दरभाउपपत्र सम्बन्धी अन्य कुनै पनि कुरा बुझ्नुपरेमा विदाको दिन बाहेक कार्यालय समयमा योजना शाखामा सम्पर्क राख्न सकिनेछ ।

७) दरभाउपपत्रमा मूल्य अभिवृद्धि कर बाहेकको दररेटमा उल्लेख गर्नुपर्नेछ ।

८) दरभाउपपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस नगरपालिका कार्यालयमा सुरक्षित रहनेछ ।

९) दरभाउपपत्र सम्वन्धी विस्तृत सूचना यस नगरपालिकाको सूचना पाटीमा टाँस गरिएको छ ।

१०) यसमा उल्लेख भए देखि बाहेकका कुराहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

तपसिल

| सि. नं. | कामको विवरण | दरभाउपत्र खरीद गर्ने अन्तिम मिति, समय र स्थान | दरभाउपत्र पेश गर्ने मिति, समय र स्थान | खोल्ने मिति, समय र स्थान | दरभाउपत्र खरीद मूल्य (पछी फिर्ता नहुने) |
|---|---|---|---|---|---|
| १. | तुँझो टोलमा ढुङ्गा छपाई, वडा नं. ४ | प्रथम पटक प्रकाशित मितिले १५ औं दिन (विदाको दिन बाहेक) कीर्तिपुर नगर पालिका | १६ औं दिन, दिनको १२:०० बजेसम्म नगर पालिका कार्यालय | १६ औं दिन, दिनको ५:०० बजे, नगरपालिका कार्यालय | ३००।– |
| २. | सिम झवाहिटी कल्भर्ट निर्माण, वडा नं. ७ | " | " | " | ३००।– |

# कीर्तिपुर नगरपालिका कार्यालयको अनुरोध

भवन निर्माण ईजाजत प्रक्रिया सम्बन्धमा सेवाग्राहीहरूबाट विभिन्न गुनासोहरू आएको सन्दर्भमा कार्यालयको ध्यानाकर्षण भएको छ । नक्सा पाससँग सम्बन्धित कुनै पनि जानकारी आवश्यक भएमा वा कुनै पनि गुनासो भएमा सीधा तपशिल बमोजिमका अधिकारीहरूसँग सम्पर्क गर्न सम्बन्धीत सबैमा जानकारीको लागि अनुरोध छ ।

**कार्यकारी अधिकृत**
**श्री रामलाल श्रेष्ठ**
**मो.नं- ९८५१०२५१२५**

**योजना तथा प्राविधिक शाखा प्रमुख**
**ई.श्री बालकृष्ण महर्जन**
**मो.नं.- ९८५१०८३४३२**

# थुनुवाको डायरी–७१




## २०६७/१०/०५ बुधवार १०५ दिन

उठ्नु, खानु र सुत्नु अहिले मेरो जिन्दगीको यही परिचय भएको छ । अहिले मेरो काम यही मात्र छ । एउटा जिउँदो लाशको अरू के काम हुनसक्छ ? यहीक्रममा आज पनि ४ बजे उठें । नित्यकर्म गरी कोठामा आएर कफी बनाएर पिएँ ।

हिजो दिनेश कुमार उपाध्याय सफाई पाएर गयो । उहाँकै उदाहरण दिएर मानिसहरू मलाई पनि कम्तिमा ३ वर्ष कैद सजाय हुन्छ भनेर थर्काउँथे । एक दिन उहाँलाई मेरो मिशिल देखाएँ । मेरो मिशिल हेरेर उहाँले भन्नुभयो, "न्यायाधीशले अलिकति विवेक पुऱ्याउनु भएको भए तपाईं पुर्पक्षमा बस्नै नपर्ने मान्छे । तर के गर्ने ? नेपालको कानून दैवले जानुन भन्ने उखानै छ । त्यसैले यसै होला भन्न सक्दिन ।"

हिजो उहाँ छुट्नु भयो । मलाई साह्रै खुशी लाग्यो । उहाँलाई बधाई दिएँ । शुभकामना दिएँ । सबैले उहाँको फोन नम्बर लियो । तर मैले लिइन । उहाँको फोन नम्बर किन नलिएको भनेर मसँग अरूले सोध्यो । मैले जवाफ दिएँ "रेलको साथी स्टेशनसम्म जेलको साथी जेलको गेटसम्म मात्र हो ।" मेरो कुरा सुनेर उनीहरू जिल्ल परे । मैले फेरि भनें, "मलाई नजराम बा भनि नथाक्ने विकास थापा हामीलाई फसाउने महिलाहरू विरुद्ध लड्ने, महिला पिडित पुरुष संघ खोल्ने भनेर डिंग हाँक्ने विकास थापाले निस्केको ५ दिनमा भेट्न आउँछु भनेको थियो आजसम्म वास्ता गरेको छैन । सँगै चुरोट पिउने, दुःख सुखका कुरा गर्ने परशुराम खडका पनि सर्वोच्चबाट साधारण तारिखमा छुट्यो । यो खवर पाएर बधाई दिउँ भनेर खोजें भेट्दै भेटेन । उसले मसँग भेट्न आवश्यक ठानेन । मलाई भेट्दै नभेटी गयो ।

४.४५ बजे मलाई चुरोट पिउन सक सक लाग्यो । डाँडामा गएर चुरोट सल्काएँ । बल्ल कुखुरा बास्न थालेको छ । बाहिर चीसो छ । मैले आकाशमा हेरें । पश्चिमतिर पूर्ण चन्द्रमा छ तर धमिलो छ । आकाशमा कुहिरो छ होला । आज या भोलि पूर्णिमा हुनुपर्छ । स्वस्थानी ब्रत कथा भन्ने पूर्णिमा । यहाँ क्यालेन्डर छैन । के हो ? के हो ? मैले कीर्तिपुरतिर हेरें । त्यहाँ बत्ती बलेको छैन । सायद कुहिरोले ढाकेको होला । हिजो मलाई भेट्न कोही पनि आएन । १ गते आएको छोरा २-३-४ गते पनि आएन । मेरो मन साह्रै रोयो । मेरो मुटु चस्स दुख्यो । अहिले पनि दुखाई महसुस गर्दैछु । मेरो मुटु फेल भएर मरोस् । यस्तो अभियोग बोकेर के बाँच्ने ? नखाएको विषले मलाई पोलिर हेको छ ।

६ बजे नम्बर खुल्यो । एक कप कफी र विस्कुट खाएर बाहिर घुम्न गएँ । ७ बजे चीनि नभएको चिया खान गएँ । म नगए पनि चिया बनाएर राख्छ । चिया खान गएन भने कराउँछ । चिया खाएर ओमशान्तिमा गएँ ।

ओमशान्तिबाट आएर उपन्यास लेखिरहें । ९ बजे फेरि एक कप कफी बनाएर खाएँ । आज अलि चीसो छ । बाहिर घाम लागेको छैन । आज छोरा आयो भने Sugar Free मगाउनु पर्छ । अहिलेको यो ज्याकेटले जाडो नछल्ने भयो । पुरानै भए पनि कालो ठूलो ज्याकेट मगाउनु पर्ला नभए सेतो ज्याकेट भए पनि मगाउनु पर्ला भनेर सोचें । मैले मासु नखाएको चार दिन भयो । अण्डा त दिन का दिन खाइरहेको छु । मेरो शरीरलाई अण्डामात्र खाएर नहुने रहेछ । खोई घरबाट किन मासु नपठाएको होला ? हिजो पठाउँछ कि भन्ने आशा थियो । निराशामा परिणत भयो ।

१०.३० मा खाना खान भान्सामा गएँ । आज भान्सामा आलु तरकारी मात्र बनाएको छ । २ वटा अण्डाको अमलेट बनाएर भात खाएँ । दिउँसो त छोराले मासु ल्याइहाल्छ नि भनेर मन राखें । कोठामा आएर उपन्यास लेख्न थालें । दिमाग उपन्यासमा भए पनि कान माईकमा लगिरह्यो । कति नाम बोलायो । कति नाम बोलायो तर मेरो नाम बोलाउन । १२ बज्यो, १ बज्यो तैपनि मेरो नाम बोलाएन । अब त माईकको आवाज पनि बन्द भयो । ढोकामा गएँ । एक कप चिया अर्डर दिएँ । अहिले चीनि नभएको चिया हुँदैन भन्यो । चीनि भएको भए पनि देउ भनेर खाएँ । डाँडामा गएर एउटा चुरोट पिएँ । मनमा सुख चैन छैन । छोरा नआएकोले घरमा केही भयो कि भन्ने चिन्ताले मनमा छटपटाहट पैदा गरिदियो । कसैलाई केही भएको नहोस् भनेर परमपिता परमात्मासँग पुकार गरी कोठामा आएँ ।

कोठामा आएर बसेको मात्र थिएँ माईकबाट मेरो नाम बोलायो । छोरा आएको होला भनेर दौडेर ढोकामा गएँ । बाहिर हेरेको त डा.श्यामकृष्ण महर्जन आउनु भएको रहेछ । उहाँसँग भेटेर कुराकनी गरें । उहाँले मलाई दोषी ठान्नु भएको रहेनछ । मैले सफाई पाउँछु भन्नेमा उहाँ ढुक्क हुनुहुँदोरहेछ । यदि मैले सफाई पाएँ भने हर्जाना कसले दिन्छ ? नेपालको कानून व्यवस्थाप्रति उहाँले असन्तोष जनाउनु भयो ।

डा. श्यामकृष्णसँग विदा भएर आएँ । जेनेरेटर चलाएर माईक बजाउन थाल्यो । कोठामा आएर कफी खाउँ कि भन्ने सोचेको मात्र थिएँ । माईकबाट मेरो नाम बोलायो । अहिले त पक्कै छोरा आएको होला भनेर गएँ । बाहिर गएर हेरेको त छोरा र बुहारी आएका रहेछन् । भेट्न गएँ । कुराकानी भयो । हिजो अस्ति किन नआएको भनेर सोध्दा यहाँ आउने खासै काम नभएर नआएको भन्यो । यसको मतलब मलाई यहाँ भेट्न आउन पनि काम चाहिने रहेछ । उनीहरू मेरो मायाले आएको होइन रहेछ । अहिलेसम्म बकपत्रमा सरकारी वकिलले हस्ताक्षर गरेको छैन । त्यसैले बकपत्रको नक्कल सार्न पाएको रहेनछ । उनीहरूले मेरो लागि २ प्लेट ममः ल्याई दिएको रहेछ । कोठामा आएर ममः खान लाग्दा ममःको झोल तन्नामा पोखियो । त्यसैले आज तन्ना फेर्नु पऱ्यो ।

ठिक समयमा औषधी खाएर खाना खान गएँ । अहिले पनि आलु र मस्यौरा तरकारी बनाएको रहेछ । मैले खाने तर कारीनै छैन । दुईटा अण्डा ल्याएर अमलेट बनाउन लगाएर भातसँग खाएँ । जब जब भान्सामा मैले खान नहुने तर कारी बनाइन्छ । मलाई घरको यादले सताउँछ ।

७ बजे भान्साबाट तातो पानी ल्याएँ । ओमशान्तिमा गएँ । आज दिनेश कुमार बस्नेतले मुरली पढ्यो ।

आज पनि ९ बजे नम्बर भयो । म सुतें ।

## २०६७/१०/०६ बिहिवार १०६ दिन

आज तातो पानी दिन आउने मानिसले उठाएपछि मात्र मेरो निद्रा खुल्यो । घडी हेरें ४.३० बजेछ । बाहिर गएर नित्यकर्म गरेर आएँ । एक मग कफी बनाएर पिएँ ।

दिन बित्यो, हप्ता बित्यो, महिना बित्यो । अब त म घर बाट निस्केको चार महिना बितेर पाँचवाँ महिना भयो । हिजोदेखि स्वस्थानी ब्रत कथा आरम्भ भयो । अब श्रीपंचमी आउँछ । गुठीमा जानुपर्छ । अहिले म जेलमा छु कसरी जाने ? आउने माघ १० गते जिल्ला अदालतमा मेरो पेशी छ । त्यो दिन फैसला भएर सफाई पाएँ भने घर जान पाउँछु । श्रीपंचमी लगतै मेरो दिवाली आउँछ । द्यौच: पूजा, मेरो कूलदेवता बलियो छ भने म बाहिर जान पाउँनेछु ।

मन त मेरो ठिटाकोजस्तो छ तर तन भने बुढो भैसकेको छ । एक घण्टा लेख्दा मेरो आँखा तिरमिरायो । सिरकभित्र पसें । ५.४५ बजे फेरि उठें । बाहिर गएर पिशाव गरें । डाँडामा गएर एउटा चुरोट पिएँ । आकाशमा चन्द्रमा देखियो । आज चन्द्रमाको एक भाग गायब भैसकेको छ । कोठामा आएर एक कप कफी बनाएर पिएँ ।

६.३० बजे ग्राउण्डमा घुम्न गएँ । ७ बजे चिया पिएर ओमशान्तिमा गएँ । कोठामा आएर उपन्यास लेख्न थालें । ठिक समयमा खाना खाएर कोठामा आएँ । आज छोरा आउँछ । घरबाट मासु ल्याउँछ होला भन्ने आशा छ । माईकबाट मेरो नाम बोलायो । भतिजा ईश्वरमान आएको रहेछ । उसले पनि मलाई निर्दोष ठानेको छ । म जेल परेकोमा ऊ दुःखीत छ । म छिट्टै छुट्छु भन्ने सान्त्वना दिएर गयो ।

२ बजे फेरि माईकबाट मेरो नाम बोलायो । अब त छोरा नै आएको होला भनेर गएको त हो रहेछ । आज साँझ नन्दकुमारी, रामकुमारी र डा. शिवशरणलाई लिएर शम्भु थापा कहाँ जानुपर्छ भन्यो । मेरो लागि यी तीनजनाले कति दुःख गरि रहेका छन । यिनीहरूको गुण मैले कहिले मात्र तिर्न सकुंला ! अहिले छोरा जिल्ला अदालतमा जानु पर्छ भनेर उसले ल्याएको सामान दिएर गयो । सामान ल्याएको झोला खोलेर हेरें ज्याकेट, फूल स्वीटर, हाइनेक, पाइन्ट, सुगर फ्री र कफी एक पैकेट ल्याएको छ । अरू खानेकुरा केही पनि ल्याएको छैन । आज विस्कुट र तातो पानी खाएर बिताएँ ।

आज भान्सामा कुखुरा मासु र साग दियो । घरबाट नल्याए पनि भान्सामा खान पाएर मेरो मन हर्षित भयो ।

## २०६७/१०/०७ शुक्रवार १०७ दिन

आज राती ११.३० बजे मेरो निद्रा खुल्यो । पिशाव गर्न गएँ । डाँडामा गएर एउटा चुरोट पिएँ । सुत्न प्रयत्न गरें । निद्रै लागेन । कसैलाई कसैको सम्झनाले पिरोलेर निद्रा लाग्दैन । जिन्दगीको हरेक मोडमा, हरेक पाइलामा म मेरो स्वास्नी, मेरो जीवन संगीनी कृष्णालाई सम्झन्छु । मानिस जति टाढा भयो त्यति उसको सम्झना टाढिंदै जान्छ भन्छन् । तर कृष्णाको लागि मेरो मनमा ठ्याक्कै उल्टो भयो । उनको सम्झनाले मेरो मनलाई तडपाइ रहेको छ । स्वार्थमा माया अडकिएको हुन्छ । निस्वार्थमा प्रेम । सायद यो मेरो उनीप्रतिको प्रेम हो । प्रेममा कुनै स्वार्थ हुँदैन ।

कसैलाई पीर परेर निद्रा लाग्दैन भने कसैलाई अति खुशी भएर पनि निद्रा नलाग्दो रहेछ । मेरो नम्बरको भाइ नाईके ठिमीका राजिन बाडेले हिजो भक्तपुर जिल्ला अदालतबाट सफाई पायो । उसलाई कर्तव्य ज्यान मार्ने उद्योग अभियोगमा दुईटा मुद्दा लगाइएको थियो । हिजो भक्तपुर जिल्ला अदालतमा फैसला हुँदा उसले सफाई पायो । यो खवर सुनेर मेरो मन हर्षित भयो । किनकी उसको मप्रति साह्रै राम्रो व्यवहार थियो । मलाई बा भनेर सम्बोधन गर्थ्यो । माया पनि गर्थ्यो । उसको घरबाट जे खानेकुरा ल्याए पनि मलाई खानु भनेर दिन्थ्यो । मैले पनि मेरो घरबाट ल्याएको खानेकुरा अक्सर उसलाई दिन्थें । उसको मुद्दाको कुरा सुनेदेखि नै उसले सफाई पाउछ भनेर मैले ढाडस दिएर आएको थिएँ । आज बा को वचन पूरा भयो भनेर मदेखि खुशी भएको छ ।

१२.३० मा फेरि सुतें । ४.२० मा आँखा खुल्यो । बाहिर गएर दिसा बसें । मुख धोएँ । डाँडामा गएर एउटा चुरोट पिएँ । आज मेरो मन गोलमाल छ । कोठामा आउँदा राजिन उठिसकेको रहेछ । दुवै जनाले एक एक कप कफी पिएँ । उसले १८ महिना ११ दिन जेलमा बिताई सकेको छ । जेहोस् उसले सफाई पायो । राम्रो भयो । उसको भविष्य चौपट भएन । मेरो मुद्दामा मैले सफाई पाए राम्रो हुन्थ्यो । मैले सफाई पाउँछु कि पाउँदिन यो पछिको कुरा हो । मैले सफाई पाइन भने मेरो जिन्दगी खतम भयो । मैले छ महिनामात्र सजाय पाए पनि म अपराधी ठहर्नेछु । हिजो राजनीतिमा लागेर "व्यवस्थाप्रति आस्था नभएको" आरोपमा सरकारी जागिर खान पाइँन भने आज फौजदारी मुद्दामा सजाय पाएकोले मेरा सार्वजनिक जीवन समाप्त हुनेछ । मेरो पार्टीमा कुनै हैसियत रहँदैन । कुनै सामाजिक संघ संस्थामा मेरो सहभागिता रहँदैन । अनि मजस्तो समाज सेवक मान्छे जिउँदो लास भएन ?

६.३० भयो म बाहिर घुम्न गएँ । ७ बजे होटलमा गएर एक कप चिया पिएँ । ओमशान्तिमा गएँ । आज पनि १०.३० बजे खाना खाएर घाम ताप्न गएँ । त्यहीबेला नुहाउने पानी खुलेको सूचना दियो । सबैजना पानी लिन गए । मलाई पनि पानी थाप्ने होइन भन्दै थियो । म गइनं । माघ १० गते सोमवार जिल्ला अदालतमा मेरो पेशी छ । त्यसदिन मुद्दाको फैसला हुन सक्छ । यदि मैले सफाई पाएँ भने घरमा गएर तातो पानीले नुहाउने छु । यदि घर जान पाइन भने ११ गते नुहाउने छु ।

आज मेरो भेटघाट आउन सक्छ । दाह्री काट्नु पर्छ । ऐना एउटा किनेर ल्याएँ । दाह्री काटें । आज छोरा आयो भने पैसा माग्नु पर्छ । अहिले १२.३० भैसकेको छ । माईकबाट धमाधम नाम बोलाइरहेको छ । तर मेरो नाम बोलाइएन । १ बज्यो । होटलमा गएर चिया खाइरहेको बेला माईकबाट मेरो नाम बोलायो । चिया गिलास लिदै बाहिर गएँ । छोरा आएको रहेछ । छोरालाई देख्ने बित्तिक्कै मेरो मन हर्षित भयो । भेटघाट भयो । हिजो शम्भु थापा कहाँ गएको बेला वकिल इन्द्र खरेलले तपाईको बुबाले सफाई पाउनु हुन्छ भन्यो भनेर छोरा मख्ख छ । आज घरबाट टिफिन क्यारियरमा तःखा पठाएको छ । छोरालाई आज पनि जिल्ला अदालत जानु छ भनेर गयो ।

भान्सामा गएर टिफिन क्यारियर खोलेर हेरें । तीनैवटामा तःखा पठाएको रहेछ । पहिलो खण्डको तःखा आधा मैले खाएँ । आधा भान्सामा काम गर्नेहरूलाई बाँडेर ख्वाएँ ।

खाजा खाएर उपन्यास लेखिरहें । ५ बजे बाहिर गएँ । ग्राउण्डमा घुमें । खाना खाएर ओमशान्तिमा गएँ । शिवानीको प्रवचन सुनें । मुरली सुनेर कोठामा आएँ ।

९ बजे नम्बर भयो । सबैजना सुत्यो । शिव र म मिलेर एक एक कप कफी पिएँ । उपन्यास लेखेर बसें । १० बजे म सुतें । क्रमश......

हैन त ? –निरज




# कीर्तिपुरमा इलेक्ट्रिकल ईन्जिनियोरिङ कक्षाको प्रवेश परिक्षा सम्पन्न

नेपाल सरकारको विद्यालयस्तरदेखि प्राविधिक शिक्षा सुरु गर्ने योजना अनुसार शैक्षित्र वर्ष २०७० सालदेखि कक्षा ९ बाट प्राविधिक शिक्षाको पढाई संचालन गर्न काठमाडौं जिल्लाभरिमा कीर्तिपुर पाँगाको जनसेवा उच्च मा.वि.लाई मात्र इलेक्ट्रिक इन्जिनियरिङ अध्ययन गराउन स्वीकृति पाएकोमा हिजो बैशाख २८ गते प्रवेश परीक्षा संचालन गरियो।

जसमा छात्र/छात्रा गरी ३४ जना विद्यार्थीहरूले सहभागिता जनाएको थियो।

आगामी जेठ महिनादेखि सो विषयको पढाई गर्न प्रयोगशालाका साथै अध्ययन कोठाको लागि ६ वटा कोठा तयारी गरीसकेको कुरा प्राचार्य नन्दकुमारी महर्जनले बताउनु भयो।




सम्पूर्ण बोर्डिङ तथा सरकारी स्कूलको पाठ्यपुस्तकहरू सर्वसुलभ तरिकाले पाउनको लागि

**किपू वुक प्वाइण्ट**

**कीर्तिपुर, नयाँबजार–१७, फोन ४३३१७७५**



जाँड-रक्सी

चुरोट, गाँजा तथा ड्रग्सको कुलत ग्यारेन्टी छुटाउन

7 cm लिङ्गको लम्बाई, मोटाई बढाउने

प्राकृतिक हर्बल VigRX

lnterantional Quality Product

स्तनको आकार बढाउन घटाउन

कुमारी अवस्थाको जस्तै यौनी टाईट गर्न

सुगर, पाइल्स तथा अल्सर चटक्कै निको पार्ने,

गर्वस्था पछिको पेटको सेतो धर्सा मेटाउन

नयाँ केश उमार्न तथा कपाल झर्न रोक्ने तलहरु,

शिघ्रपतन रोक्न, लिङ्ग कडा पार्ने POWER +POWER

**कीर्तिपुर फिट्नेस प्वाइन्ट**

फोन नं. ०१–४३३६७०१, ९८४१९८१९७६

यो विज्ञापन होइन, सत्य तथ्यमा आधारित छ।


संसारको जुनसुकै स्थानवाट पनि कीर्तिपुर सन्देश तपाई हेर्न सक्नुहुन्छ

http:// kirtipursandesh. blogspot.com

तपाईको आफ्नै पत्रिका **कीर्तिपुर सन्देश साप्ताहि**

## जेष्ठ नागरिक सम्मान कार्यक्रमको सूचना

**जेष्ठ नागरिकलाई माया, सम्मान, सेवा गरौं**

आउने २५५७ औं बुद्ध जयन्तीको शुभअवसरमा श्रीकीर्ति ज्ञानमाला भजन खलः, कीर्तिपुर बौद्ध ज्ञानमाला संघ र बृद्ध सेवा समाज, कीर्तिपुरको संयुक्त आयोजनामा नगरमण्डप श्रीकीर्ति विहार, अमल्सि, कीर्तिपुरमा २०७० जेष्ठ १० गते विहान १०ः३० बजे की.न.पा. वडा नं. १,२ र ३ का ज्याजंको (भिमरथारोहण) भैसक्नु भएका अर्थात् ७७ वर्ष माथिका जेष्ठ नागरिकहरूलाई सम्मान गर्ने कार्यक्रम रहेको हुँदा उक्त कार्यक्रममा सहभागी हुन सम्बन्धित सरोकारवाला व्यक्ति, परिवार, संस्थाबाट यहि २०७० जेष्ठ ७ गते भित्र सम्पर्क गर्नु हुन हार्दिक अनुरोध छ।

उक्त कार्यक्रममा सहभागी भै सहयोग गर्ने दाताहरूलाई पनि सम्मान गर्ने कार्यक्रम रहेको र दाताहरू स्वयम्बाट जेष्ठ नागरिक सम्मान गराउनुको साथै रु. ३०००/-भन्दा बढी सहयोग गर्ने दाताहरूलाई कदर पत्र प्रदान गरिने व्यहोरा पनि जानकारीको लागि अनुरोध छ।

**सम्पर्क स्थान : नगरमण्डप श्रीकीर्ति विहार, अमल्सि, कीर्तिपुर**

**समयः विहान ७.०० बजेदेखि ८.०० बजेसम्म**

**सम्पर्क व्यक्ति : श्रीकृष्ण महर्जन (९८४१६९०१२६)**

**महन्त महर्जन (४३३२०९३)**

**रामकृष्ण 'धिना' (९८५१०५३७७५)**

**पूर्णमान महर्जन (९८४१११५९९३)**

**आयोजकहरू**

**श्रीकीर्ति ज्ञानमाला भजन खलः**

**कीर्तिपुर बौद्ध ज्ञानमाला संघ**

**बृघ सेवा समाज, कीर्तिपुर**

'जातीय मुक्तिका लागि संघीयता, वर्गीय मुक्तिका लागि समाजवाद'

## पहिचान पक्षधर कीर्तिपुरवासीलाई संघीय समाजवादी पार्टीको सूचना

संघीय समाजवादी पार्टी, नेपाल काठमाण्डौं जिल्ला निर्वाचन क्षेत्र नं. १० र कीर्तिपुर नगर समिति निर्माणका लागि भेला आयोजक समिति निर्माण गर्न हुन गइरहेको भेलामा उपस्थिति हुन पहिचान सहितको संघीयता पक्षधर शुभचिन्तकहरूमा संघीय समाजवादी पार्टी हार्दिक अनुरोध गर्दछ।

### भेला हुने स्थान, समय र मिति

*स्थानः निखासी, नयाँबजार (नजरराम महर्जनको घर)*

*मितिः २०७० जेठ ४ गते शनिवार*

*समयः विहान ११ बजे*

*सम्पर्क फोनः ४३३३००७, ९८४१४०१०७७*

'अरूको लागि संघर्ष गर्‍यौं धेरै पटक, अव आफ्नोलागि उठौं सबै पहिचान पक्षधर संघीयतावादीहरू'

तपाईको
आफ्नो
पत्रिका
कीर्तिपुर
सन्देश
साप्ताहिक